कञ्चनरुप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कंचनपुर,सप्तरी,२ नं. प्रदेश,नेपाल

प.स.२०७४।०७५
च.न./Ref.No. ९९५५

मिति :२०७५/१/१०

**विषय : विद्यालय भर्ना अभियानमा व्यापक रुपमा संचालन गराउनु हुन ।**

**श्री वडा कार्यालय (सबै)**
**कञ्चनरुप नगरपालिका**

उपरोक्त सम्बन्धमा यस कञ्चनरुप नगरपालिकाको वडा अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा बैशाख महिना भरी विद्यालय भर्ना अभियान संचालन रहेको व्यहोरा अवगत नै होला । सो कार्यलाई अझ प्रभावकारीताका साथ कुनै पनि वालवालिका कुनै पनि कारणले स्कुल पढनबाट बंचित नहुन् भन्ने अभिप्रायले ताहाँ वडा अन्तर्गत रहेका नागरीक समाज, बुद्धिजिबी, समाजसेवी, सामुदायिक संघ संस्था, वडा वाल क्लव, अभिभावक लगायतलाई यस माहान् कार्यमा संलग्न गरी/गराई शत प्रतिशत वालवालिकालाई विद्यालय भर्ना अभियान गराउनु हुनका साथै श्री संघीय मामिला तथा समान्य प्रशासन मंत्रालयबाट जारी प्रेस विज्ञेप्ती पाना थान २ समेत संलग्न राखी कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

अम्बिका प्रसाद चौलागाँई
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ :
श्री शिक्षा शाखा - समन्वय गर्नु हुन ।
श्री नगर स्तरीय बाल संजाल समिति - वडा वाल क्लवहरुलाई परिचालित गर्नु हुन ।

## प्रेस–विज्ञप्ती

नेपालको संविधान, २०७२ को धारा ३१ ले आधारभूत शिक्षामा सबै नागरिकको पहँच हुने सुनिश्चित गर्दै धारा ५१ (ज)१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइने भनी उल्लेख भएको छ । त्यसै गरी संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ । सक्षम, सवल र प्रतिस्पधी जनशक्तिको उत्पादन विद्यालय जाने उमेर समुहका वालवालिकाहरु विद्यालय भर्ना सुनिश्चित गरेर मात्र आरम्भ हुने हुँदा विद्यालय भर्ना अभियान महत्वपूर्ण हुन जान्छ ।

देशमा संघीयता लागू हुनु पूर्व शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न शिक्षा मन्त्रालय र यस अन्तगतका निकायहरुले औपचारिक विद्यालय शिक्षा, नियमित शिक्षा, निरन्तर शिक्षा, पूर्ण साक्षर कायक्रम, विद्यार्थी भर्ना अभियान आदि क्रियाकलाप सञ्चालन गर्दै आएकोमा अब स्थानीय तहहरुले यस्तै प्रकारका कार्यक्रमहरु मार्फत आ–आफ्नो क्षेत्रमा गुणस्तरीय शिक्षामा पहुँच तथा सुधार सुनिश्चित गर्ने जिम्मेवारी वहन गर्नु पर्ने संवैधानिक दायित्व सृजना भएको छ । शिक्षा विभागले शैक्षिक वर्ष २०७५ का लागि "हामी सबैको इच्छा, अनिवार्य निशुल्क आधारभूत शिक्षा" भन्ने विद्यार्थी भर्ना सम्बन्धी आदर्श वाक्य/नारा तयार गरी सो कार्यमा सहयोगका लागि सबै सरोकारवालालाई अपिल गरेको छ ।

यसै सन्दर्भमा संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीज्यूबाट मिति २०७४/१२/२१ मा विद्यार्थी भर्नालाई अभियान कै रुपमा सञ्चालन गर्न स्थानीय तहहरुलाई विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय भएको छ । स्थानीय तहहरुले विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहका सबै पदाधिकारीज्यूहरु, वडा पदाधिकारीज्यूहरु, सबै कर्मचारीहरु, टोल विकास संस्था, वाल विकास संस्था तथा स्थानीय तहसँग सम्बन्धित सबैको सहभागितामा घरदैलो कार्यक्रम गर्ने बिषयहरु समेटिएका छन् । यसैगरीस्थानीय तहका कर्मचारीहरुले अभियान कै रुपमा वैशाख महिनामा १ दिन

विद्यालयमा विद्यार्थीहरुसँग विभिन्न कृयाकलापमा सहभागिता जनाउने, स्थानीय तहले विद्यार्थी भर्नाकै समयमा पाठ्यपुस्तक उपलब्ध गराउन सुनिश्चित गर्ने, पुर्ण भर्ना अभियान सुनिश्चित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था मिलाउने बिषय निर्णयमा समावेश छ ।

शिक्षा सम्बन्धी राष्ट्रिय प्रतिवद्धता पुरा गर्न स्थानीय तहहरुले प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्ने, विद्यालय शिक्षाबाट वंञ्चित वालवालिकालाई विशेष कार्यक्रम मार्फत विद्यालय शिक्षामा प्रवेश गराउने, प्रत्येक विद्यार्थीको शैक्षिक उपलब्धी र क्रियाकलापको व्यक्तिगत अभिलेख राखी अनुगमनको व्यवस्था मिलाउने बिषय निर्णयमा उल्लेख छ ।साथै सम्भव भएसम्म शिक्षकहरुको इ–हाजिरीको व्यवस्था मिलाई समय पालनाको अनुगमन गर्ने गराउने कार्यहरु मार्फत सामुदायिक विद्यालयहरुले गुणस्तरिय शिक्षा दिन सक्ने वातावरण सृजना गरी आधारभूत शिक्षासम्म सबैको पहुँच तथा माध्यामिक शिक्षा निःशुल्क वनाउन स्थानीय तहहरुको विशेष भूमिका र दायित्व समेत रहेको हुँदा मन्त्रालय यी कार्यहरु प्रभावकारी रुपमा सरोकारवालाहरुसँगको साझेदारी र हातेमालोमा स्थानीय तहहरुले सम्पादन गर्ने कुरामा विश्वस्त रहनुका साथै विद्यार्थी भर्ना अभियानमा सहयोग पुर्याउन सबै सरोकारवालाहरुमा अपिल समेत गर्दछ ।

मितिः २०७४/१२/२२

(रुद्रसिंह तामाङ)

प्रवक्ता/सह–सचिव